काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २३८ ❐ बुधवार, २७ जेठ, २०८३ ❐ Wednesday, 10 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

यस्तो बन्यो रास्वपा सुर्खेत टिम

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २६ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सुर्खेतको प्रथम जिल्ला सम्मेलनबाट नयाँ नेतृत्व चयन गरिएको छ। सम्मेलनले प्रतिनिधिसभा सदस्यसमेत रहेका रमेश कुमार सापकोटाको नेतृत्वमा नयाँ जिल्ला कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो।

नवनिर्वाचित सभापति सापकोटाले पार्टीलाई संगठनात्मक रूपमा थप सुदृढ बनाउँदै जनताका मुद्दालाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले सुर्खेतमा पार्टीको संगठन विस्तार, जनसम्पर्क वृद्धि तथा सुशासनका पक्षमा सक्रिय भूमिका निर्वाह गर्ने बताए। सम्मेलनबाट गोविन्द प्रसाद शर्मा उपसभापति, छबिलाल आचार्य सचिव र बालकृष्ण शर्मा सहसचिवमा निर्वाचित भएका छन्। त्यसैगरी माया बस्याल, दुर्गा न्यौपाने चौधरी, गीता कुँवर, मानबहादुर बिसी र बलबहादुर कठायत सदस्यमा चयन भएका छन्।

त्यस्तै क्षेत्र नम्बर १ को उपसंयोजकमा मानबहादुर नगाल र रामबहादुर बुढा चयन भएका छन् भने सचिवमा विकी बादी तथा सदस्यमा तुलसिंह खड्का र पवित्रा विक निर्वाचित भएका छन्।

क्षेत्र नम्बर २ को उपसंयोजकमा सैयद अकबर अली र घनश्याम पौडेल चयन भएका छन्। सचिवमा विष्णु खत्री तथा सदस्यमा जगतबहादुर बिसी र इन्द्रा बुढा निर्वाचित भएका छन्।

कर्णालीको शिक्षा

रित्तिँदै गाउँका विद्यालय, भरिँदै सहरका कक्षा

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २६ जेठ

कर्णाली प्रदेशका अधिकांश ग्रामीण विद्यालय विद्यार्थी अभावको समस्याले ग्रस्त बन्दै गएका छन्। कुनै समय विद्यार्थीको चहलपहलले भरिएका गाउँका विद्यालय अहिले सुनसान देखिन थालेका छन्। अर्कोतर्फ प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका सहर केन्द्रित विद्यालयमा भने विद्यार्थीको चाप वर्षेनी बढिरहेको छ। बसाइँसराइ, घट्दो जन्मदर, अवसरको खोजी, अंग्रेजी माध्यमप्रतिको आकर्षण र गुणस्तरीय शिक्षाको अपेक्षाले कर्णालीको शिक्षा क्षेत्रमा असन्तुलन सिर्जना गरेको देखिन्छ।

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशको तथ्यांकअनुसार कर्णाली प्रदेशभर तीन हजार ४ सय ३५ सामुदायिक विद्यालय सञ्चालनमा छन्। तीमध्ये एक हजार १ सय ८८ विद्यालयमा ५० जनाभन्दा कम विद्यार्थी अध्ययनरत छन्। अधिकांश विद्यालय दुर्गम तथा ग्रामीण क्षेत्रमा रहेका प्राथमिक र आधारभूत तहका हुन्। कतिपय विद्यालयमा विद्यार्थीको संख्या शिक्षक अनुपातभन्दा निकै कम छ भने कतै शिक्षक भए पनि पढाउन पर्याप्त विद्यार्थी छैनन्।

दैलेखको नौमुले गाउँपालिका-६ स्थित भैरव प्राथमिक विद्यालय यसको एउटा प्रतिनिधि उदाहरण हो। प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म अध्ययन हुने विद्यालयमा जम्मा २६ विद्यार्थी छन्। तीमध्ये १० जना बालविकास केन्द्रमा अध्ययनरत छन् भने कक्षा १ देखि ५ सम्म केवल १६ जना विद्यार्थी रहेका छन्। विद्यालयमा दुई जना शिक्षक कार्यरत छन्। विद्यालयका प्रधानाध्यापक रेशमबहादुर रानाका अनुसार जन्मदर घट्नु र गाउँबाट परिवारहरु बसाइँ सर्नु विद्यार्थी संख्या घट्नुको मुख्य कारण हो।



यस्तै अवस्था कालीकोटको खाँडाचक्र नगरपालिका-१० स्थित जइरामजैसी आधारभूत विद्यालयमा पनि देखिन्छ। प्रारम्भिक बालविकास र कक्षा १ मात्र सञ्चालनमा रहेको उक्त विद्यालयमा जम्मा १५ विद्यार्थी छन्। विद्यालय प्रशासनका अनुसार सेवा क्षेत्रभित्रका धेरै परिवार कैलालीलगायतका जिल्लामा बसाइँ सरिसकेका छन्। जसका कारण विद्यालयमा नयाँ विद्यार्थी थपिने क्रम लगभग रोकिएको छ।

कर्णालीका अधिकांश ग्रामीण विद्यालयमा यही समस्या दोहोरिएको छ। सेवा क्षेत्रभित्र पर्याप्त बालबालिका नहुँदा विद्यालय सञ्चालन चुनौतीपूर्ण बन्दै गएको छ। कतिपय स्थानमा विद्यालय भवन, फर्निचर र अन्य भौतिक पूर्वाधार पर्याप्त भए पनि विद्यार्थी नहुँदा ती संरचनाहरुको उपयोग हुन सकेको छैन। जाजरकोटको छेडागाड नगरपालिका स्थित दुर्गा प्राथमिक विद्यालयमा पनि यस्तै अवस्था छ। विद्यालयमा पूर्वाधारको कमी छैन, शिक्षक पनि छन्, तर विद्यार्थी संख्या अपेक्षाअनुसार बढ्न सकेको छैन। विद्यालय प्रशासनका अनुसार अहिले अधिकांश अभिभावकले गाउँभन्दा बजार क्षेत्रका विद्यालय रोज्न थालेका छन्। जसले गर्दा ग्रामीण विद्यालयहरु थप कमजोर बन्दै गएका छन्।

विद्यार्थी अभावको समस्या केवल प्राथमिक तहमा सीमित छैन। माध्यमिक विद्यालयहरु पनि यसको असरबाट अछुतो छैनन्। दैलेखको भगवतीमाई गाउँपालिकास्थित ज्वाला माध्यमिक विद्यालयमा पछिल्लो तीन वर्षमा विद्यार्थी संख्या करिब ४० प्रतिशतले घटेको छ। एक समय ९ सय भन्दा बढी विद्यार्थी अध्ययनरत विद्यालयमा अहिले करिब ५ सय विद्यार्थी मात्र छन्। कृषि विषयको प्राविधिक शिक्षा सञ्चालन भइरहे पनि विद्यार्थी संख्या निरन्तर घटिरहेको विद्यालय प्रशासन बताउँछ।

विद्यालयका शिक्षकहरुका अनुसार गाउँका परिवारहरु शिक्षा, स्वास्थ्य, रोजगारी र अन्य सुविधा खोज्दै सहरतर्फ बसाइँ सर्दा विद्यालयमा विद्यार्थी घट्दै गएका हुन्। धेरै अभिभावकले बालबालिकाको भविष्य सुनिश्चित गर्न भन्दै सानै उमेरदेखि सहर पठाउन थालेका छन्। यसले गाउँका विद्यालयको अस्तित्वमाथि नै प्रश्न उठ्न थालेको छ। यता प्रदेश राजधानी वीरेन्द्रनगरका विद्यालयहरुमा भने अवस्था ठीक उल्टो छ। यहाँका सामुदायिक विद्यालयहरु विद्यार्थीको अत्यधिक चाप व्यवस्थापन गर्न संघर्षरत छन्। वीरेन्द्रनगर-६ स्थित जन नमुना माध्यमिक विद्यालयमा तीन हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। विद्यालयको क्षमता सीमित भए पनि कर्णालीका विभिन्न जिल्लाबाट अध्ययनका लागि आउने विद्यार्थीको संख्या बढ्दो छ।

विद्यालयका प्रधानाध्यापक यामबहादुर श्रेष्ठका अनुसार विद्यालयको पूर्वाधार र सरकारी दरबन्दीले धान्न सक्नेभन्दा धेरै विद्यार्थी भर्ना लिनुपर्ने अवस्था छ। अभिभावक र विद्यार्थीको आकर्षण बढ्दै जाँदा कोटा निर्धारण गरेर मात्र भर्ना लिनुपर्ने बाध्यता सिर्जना भएको उनले बताए। वीरेन्द्रनगरकै अमरज्योति नमुना माध्यमिक

बाँकी पृष्ठ २

लैंगिक हिंसा रोकथाममा जोड

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २६ जेठ

वीरेन्द्रनगरमा लैंगिक हिंसाका घटना रोकथामका लागि सचेतनामूलक अभियानलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको छ। सशक्त महिला, समृद्ध नेपाल परियोजना अन्तर्गत मंगलबार वीरेन्द्रनगर नगरपालिकाको सभाहलमा आयोजित लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य सञ्जालको पालिकास्तरीय बैठकमा सहभागीहरूले यस्तो बताएका हुन्। बैठकमा कर्णाली प्रदेश अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रकी इन्चार्ज कल्पना थापाले केन्द्रमार्फत हालसम्म पाँच सय १२ जना हिंसा प्रभावित महिला तथा बालबालिकालाई प्रत्यक्ष सेवा प्रदान गरिएको जानकारी दिइन्। उनका अनुसार आठ सयभन्दा बढी पीडितलाई फलोअप सेवा समेत उपलब्ध गराइएको छ। थापाले कर्णालीका विभिन्न जिल्लाबाट हिंसा प्रभावितहरू सेवा लिन आउने गरे पनि वीरेन्द्रनगरबाट सबैभन्दा बढी लैंगिक हिंसासम्बन्धी घटना आउने गरेको बताइन्। उनले हिंसा प्रभावितलाई कानुनी सेवा उपलब्ध गराउनुका साथै आयआर्जनसँग जोड्ने प्रयास भइरहेको जानकारी दिइन्। मानसिक स्वास्थ्य समस्या भएका पीडितलाई आवश्यक परे काठमाडौंसम्म पठाउने गरिएको उनको भनाइ थियो पछिल्लो समय अनाधिकृत गर्भपतन गर्ने किशोरीको संख्या बढ्दै गएको उल्लेख गर्दै थापाले हिंसाका घटना दोहोरिने प्रवृत्ति समेत देखिएको बताइन्। उनका अनुसार हालसम्म ८३ जना लैंगिक हिंसा पीडितलाई कानुनी सेवा प्रवाह गरिएको छ। यस्तै, महिला अधिकारकर्मी जरमाया बाँठाले पछिल्लो समय लैंगिक हिंसाको ग्राफ बढ्दो अवस्थामा रहेको बताइन्। सम्बन्ध विच्छेद तथा कुटपिटका घटना बढेकाले समस्या थप जटिल बन्दै गएको उनको भनाइ थियो। आर्थिक अवस्था कमजोर भएका महिलालाई न्यायिक प्रक्रिया टुंगो नलाग्दासम्म सहयोग गर्ने गरिएको उनले जानकारी दिइन्। कानुनी सहायता प्रदान गर्नुका साथै आवश्यकताअनुसार आर्थिक सहयोग समेत उपलब्ध गराउने गरिएको उनले बताइन्



इयु युनएफपीएको आर्थिक सहयोगमा सोसेक नेपालद्वारा संचालित सशक्त महिला समृद्ध, नेपाल परियजना अन्तर्गत मंगलबार वीरेन्द्रनगर नगरपालिकाको सभाहलमा आयोजित लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य सञ्जालको पालिकास्तरीय बैठकमा सहभागीहरूले लैंगिक हिंसा रोकथाममा जोड दिएका हुन्।

आवाज संस्थाकी निशा पौडेलले आफ्नो संस्था विगत २६ वर्षदेखि लैंगिक विभेद तथा हिंसामा परेका महिला र बालबालिकाको क्षेत्रमा काम गर्दै आएको बताइन् संस्थाले मनोसामाजिक परामर्श, सीपमूलक तालिम, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सहयोग गर्दै आएको उनको भनाइ थियो। पौडेलका अनुसार संस्थाले हालसम्म आठ सय ५० जना लैंगिक हिंसा प्रभावित महिला तथा बालबालिकाको उद्धार तथा पुनर्स्थापना गरिसकेको छ। उनले जन्मदर्ता नहुँदा विभिन्न समस्या सिर्जना हुने गरेको, बालविवाह अझै बढ्दो अवस्थामा रहेको तथा त्यसले थप जटिलता निम्त्याएको बताइन्। 'लागुऔषध र यौन धन्दामा किशोरीहरू संलग्न हुने क्रम पनि देखिएको छ,' उनले भनिन्। होटल तथा यातायात क्षेत्र लैंगिक हिंसाको उच्च जोखिममा रहेको उल्लेख गर्दै उनले हिंसा प्रभावित महिला तथा बालबालिकालाई सेफ हाउसमा राखेर सेवा दिने गरिएको जानकारी दिइन्। हिंसाका कारण मानसिक समस्या, आत्महत्याजस्ता सामाजिक समस्या बढिरहेको उनको भनाइ थियो वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकालले लैंगिक हिंसा प्रभावितलाई सेवा दिन सञ्चालन गरिएका कार्यक्रमलाई निरन्तरता दिइने बताइन्।

नगरपालिकाले हिंसा प्रभावित महिला तथा बालबालिकाका लागि सेफ हाउस निर्माणको तयारी गरिरहेको जानकारी दिँदै उनले उक्त सेफ हाउसमा कर्णालीका १० वटै जिल्लाबाट आउने पीडितलाई राखेर कानुनी तथा आर्थिक सहयोगमार्फत पुनर्स्थापना गरिने बताइन्।

दुई मन्त्रीले लिए शपथ

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २६ जेठ

प्रधानमन्त्री बालेन शाह नेतृत्वको क्याबिनेमा दुई अनुहार आएका छन्। सुधन गुरुङले पुनरागमन गर्दा अन्तरिम सरकारमा शिक्षा मन्त्री बनेका महावीर पुनलाई पनि अवसर दिएको छ।

दुईजना थपिएसँगै मन्त्रिपरिषद् पुनर्गठन गर्दा बालेनको साथमा अब रक्षा मन्त्रालयमात्रै बाँकी भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री शाहको सिफारिसमा मंगलबार मन्त्रिपरिषद्को पुनर्गठन, नियुक्ति र कार्यविभाजन स्वीकृत गरेका थिए। राष्ट्रपति कार्यालयद्वारा मंगलबार जारी विज्ञप्तिअनुसार प्रधानमन्त्री शाहले अब रक्षा मन्त्रालयको जिम्मेवारी मात्रै आफूसँग राखेका छन्।

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
बुधवार, २७ जेठ, २०८३
Wednesday, 10 June 2026

सम्पादकीय

खर्चलाई अंकगणित मात्र नबनाउ

कृषि क्षेत्रलाई उत्पादनमुखी, व्यावसायिक र आत्मनिर्भर बनाउने उद्देश्यले सरकारले हरेक वर्ष अर्बौं रूपैयाँ अनुदानमा खर्च गर्दै आएको छ । कर्णाली प्रदेश सरकार पनि यही लक्ष्यसहित कृषक र कृषि उद्यमीलाई विभिन्न शीर्षकमा अनुदान वितरण गरिरहेको छ । तर अनुदानको वास्तविक प्रभाव, त्यसको उपयोगिता र लक्षित वर्गसम्म पुगे नपुगेको विषयमा गम्भीर प्रश्न उठ्न थालेका छन् । पछिल्लो तथ्यांकले अनुदान वितरणमा ठूलो रकम खर्च भए पनि त्यसको प्रभावकारिता मूल्यांकन गर्ने आधार कमजोर रहेको देखाएको छ । आर्थिक वर्ष २०८१/८२ मा मात्रै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका निकायहरूले विभिन्न कार्यक्रममार्फत ८१ करोड रूपैयाँभन्दा बढी रकम अनुदानस्वरूप वितरण गरेका छन् । अनुदान वितरण भए पनि त्यसको उपयोगबारे प्रभावकारी अनुगमन गरिएको छैन । अनुदान प्राप्त गर्नेहरूको विवरण सार्वजनिक गरिएको छैन । कार्यक्रमको उपलब्धि मापन गर्ने प्रतिवेदनसमेत तयार पारिएको छैन । अर्थात् राज्यले करोडौं रूपैयाँ खर्च गरिरहेको छ, तर त्यसबाट प्राप्त नतिजाको लेखाजोखा छैन ।

अझ चिन्ताजनक पक्ष ब्याज अनुदान कार्यक्रमको अवस्था हो । चार वर्षको अवधिमा १६ करोड रूपैयाँभन्दा बढी ब्याज अनुदान वितरण गरिएको छ । हजारौं लाभग्राहीले सुविधा पाएका छन् । तर ऋण लिएर कृषि व्यवसायमा लगानी गरेका व्यक्तिहरूले वास्तवमै उत्पादन बढाए कि बढाएनन्, उद्यम सञ्चालनमा छन् कि छैनन्, रोजगारी सिर्जना भयो कि भएन भन्ने विषयमा कुनै प्रभावकारी अध्ययन भएको देखिँदैन । अनुदान आफैंमा गलत नीति होइन । कृषि जस्तो जोखिमपूर्ण क्षेत्रमा राज्यको सहुलियत आवश्यक हुन्छ । तर अनुदान वितरणलाई मात्रै उपलब्धि मान्ने प्रवृत्ति खतरनाक हो । वास्तविक उपलब्धि भनेको उत्पादन वृद्धि, किसानको आयमा सुधार, कृषि उद्यमको विस्तार र रोजगारी सिर्जना हो । यदि यी परिणाम देखिँदैनन् भने अनुदान कार्यक्रमले आफ्नो उद्देश्य पूरा गरेको मान्न सकिँदैन ।

प्रदेश सरकारले अब अनुदान वितरणभन्दा बढी त्यसको प्रभावकारितामा ध्यान दिन आवश्यक छ । अनुदान प्राप्त गर्नेहरूको विवरण सार्वजनिक गर्ने, नियमित अनुगमन गर्ने, प्रतिफल मूल्यांकन गर्ने र पारदर्शी प्रणाली विकास गर्ने कार्य तत्काल सुरू हुनुपर्छ । साथै वास्तविक किसान, उत्पादनशील क्षेत्र र नतिजामुखी परियोजनालाई प्राथमिकता दिने नीति आवश्यक छ । कर्णाली जस्तो कृषि सम्भावना बोकेको प्रदेशमा अनुदान विकासको आधार बन्नुपर्छ, विवादको विषय होइन । राज्यको लगानीले किसानको जीवनस्तर उकास्न सकेन भने त्यो खर्च उपलब्धि होइन, केवल अंकगणित मात्र हुनेछ । त्यसैले अब प्रश्न अनुदान कति वितरण भयो भन्ने होइन, त्यसबाट कति परिवर्तन आयो भन्ने हुनुपर्छ । यही प्रश्नको जवाफ खोज्ने समय आएको छ ।

सञ्जालका शूरवीर, संसद्का सन्न्यासी



✍ रञ्जित कर्ण

नयाँ बानेश्वरको संरचनाबाट बाहिरिएर संघीय संसद् जब सिंहदरबारभित्र आफ्नै नयाँ भवनमा सर्‍यो, तब आम वृत्तमा एउटा आशा जागेको थियो- अब कार्यपालिका र व्यवस्थापिकाबिचको भौतिक दुरी मात्र मेटिने छैन, राज्य सञ्चालनको कूटनीतिक र राजनीतिक गतिमा पनि अभूतपूर्व सहजता आउनेछ। सिंहदरबारको केन्द्रीकृत प्रशासनिक केन्द्रभित्रै कार्यपालिका प्रमुखको कार्यालय छ र त्यसको केही मिटरकै दुरीमा मुलुकको सार्वभौम संसद्, अर्थात् प्रतिनिधिसभा छ । दुईवटा भवनबिचको यो दुरी पैदल नाप्ने हो भने बढीमा पाँच मिनेटको हो ।

तर, आज यही पाँच मिनेटको बाटो देशकै सबैभन्दा दुर्गम, कठिन र रहस्यमयी यात्रा साबित भएको छ । परम्परागत राजनीतिको विकल्प र समकालीन पुस्ताको 'आस र भरोसाको प्रतीक' बनेर सिंहदरबार छिर्नुभएका प्रधानमन्त्री बालेन्द्र शाहको कार्यशैलीले यतिखेर संसद् भवनलाई एउटा अनौठो अन्योल र अनिर्णयको बन्दी बनाइदिएको छ । स्थानीय निकायमा रहँदा प्रयोगात्मक र आक्रामक निर्णयका लागि चिनिनुभएका प्रधानमन्त्री शाह राष्ट्रिय राजनीतिको सर्वोच्च कार्यकारी पदमा पुगेपछि भने संसद्का लागि 'दुर्लभ पात्र' बन्नुभएको छ । यो व्यवस्थापकीय इतिहासकै एउटा गम्भीर विरोधाभास हो, जहाँ प्रधानमन्त्रीको भौतिक उपस्थिति नहुँदा सिंगो प्रतिनिधिसभा दिशाहीन जस्तो बन्न पुगेको छ।

अचेल प्रतिनिधिसभाको बैठक सुरु हुनासाथ एउटै संवैधानिक प्रश्न प्रतिध्वनित हुन्छ, 'प्रधानमन्त्रीज्यू कहाँ हुनुहुन्छ ?' प्रतिपक्षी लहरबाट उठ्ने आक्रोशपूर्ण आवाज मात्र होइन, सत्तापक्षकै सांसदहरूका आन्तरिक संवादमा पनि कार्यपालिका प्रमुखको यो अनुपस्थितिप्रति गम्भीर चिन्ता र असन्तुष्टि देखिन थालेको छ । संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्प्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्छ । तर, प्रधानमन्त्रीको नियमित अनुपस्थितिकै कारण मुलुकका कैयौं सुस्ताएका विधेयकहरू, जनसरोकारका नीतिगत निर्णयहरू र दीर्घकालीन विकासका योजनाहरू संसदीय समितिका दराजहरूमा थुनिएका छन् ।

संसद् कतिसम्म अल्मलियो भने, कार्यकारी प्रमुखबाट उचित विधेयक र कार्यसूची नपाएपछि उत्पन्न गतिरोधका कारण हिजोआज प्रतिनिधिसभाको बैठक कार्यसूचीमै प्रवेश नगरी लगातार स्थगित भइरहेको छ । संसद्को बैठक नियमित नहुनु वा बैठक बस्दै नबसी स्थगित हुनु केवल एउटा राजनीतिक गतिरोध मात्र होइन, यो आर्थिक रूपमा टाट पल्टिँदै गरेको राज्यढुकुटीमाथिको ठुलो भार पनि हो । संघीय संसद् सचिवालयको आन्तरिक आर्थिक विवरण र प्रशासनिक तथ्यांकलाई केलाउने हो भने प्रतिनिधिसभाको कार्यसञ्चालन खर्च निकै बढी देखिन्छ ।

सचिवालयको दैनिक लागत अनुमानअनुसार, नयाँ संसद् भवनको भौतिक व्यवस्थापन, प्रणाली सञ्चालन तथा मर्मतसम्भारका लागि मात्रै दैनिक चार लाख रुपैयाँ खर्च हुने गर्छ । त्यसैगरी, माननीय सांसदहरूको बैठक भत्ता, यातायात तथा विशेष सुविधाका शीर्षकमा दैनिक पाँच लाख ५० हजार रुपैयाँ र सचिवालयका कर्मचारी खटानी, बिजुली, खानेपानी एवं विविध प्रशासनिक कार्यका लागि दैनिक एक लाख ५० हजार रुपैयाँ खर्च हुने गरेको छ । यसरी सबै शीर्षकहरूलाई जोड्दा संसद् सञ्चालनको कुल दैनिक खर्च मात्रै करिब ११ लाख रुपैयाँ हुन आउँछ । संसदीय लोकतन्त्रमा राज्य सञ्चालन गर्नु भनेको सामाजिक सञ्जालमा संक्षिप्त र आक्रामक टिप्पणी लेखेर जनउत्तेजना फैलाउनु जस्तो हलुका विषय होइन ।

यसको अर्थ, प्रतिनिधिसभाको बैठक कुनै ठोस विमर्श नै नगरी वा कार्यसूचीमा प्रवेश नै नगरी एक दिन मात्र स्थगित हुँदा पनि राज्यको झन्डै एघार लाख रुपैयाँ प्रत्यक्ष रूपमा अनुत्पादक खर्च बन्न पुग्छ, जुन महिनाको हिसाब गर्दा करोडौंको नोक्सानी हुन आउँछ र यो अन्ततः आम करदाताको पसिनाबाट संकलन गरिएको बहुमूल्य राजस्वको अपव्यय मात्र हो । तर, यो आर्थिक नोक्सानीभन्दा कैयौं गुणा बढी क्षति मुलुकले नीतिगत तहमा व्यहोर्नु परेको छ ।

संसद् संकुचित हुँदा जनताका दैनिक जीविकाका सवाल, महँगी, बेरोजगारी र राष्ट्रिय सुरक्षा जस्ता विषय ओझेलमा पर्छन् । कानुन निर्माणको प्रक्रिया महिनौं धकेलिँदा राज्यका कतिपय निकायहरू कानुनी रिक्तताको अवस्थामा पुग्छन् । एउटा लोकतान्त्रिक मुलुकका लागि संसद्को यो शून्यता संवेदनहीनताको पराकाष्ठा हो ।

संसदीय लोकतन्त्रमा राज्य सञ्चालन गर्नु भनेको सामाजिक सञ्जालमा संक्षिप्त र आक्रामक टिप्पणी लेखेर जनउत्तेजना फैलाउनु जस्तो हलुका विषय होइन । यहाँ संस्थागत परिपक्वता, संवैधानिक मर्यादा र प्रत्येक प्रश्नको उत्तर दिने धैर्यता आवश्यक पर्छ ।

मन्त्रालयहरूको केन्द्रीकरण र संस्थागत मौनता

प्रधानमन्त्री शाहको एउटा स्थापित कार्यशैली छ, जहाँ औपचारिक मञ्च वा संसद्को रोस्टममा भन्दा इन्टरनेटका भित्ताहरूमा आफ्ना विचारहरू सार्वजनिक गर्न बढी रुचाउनु हुन्छ । तर जब संसद्को बजेट अधिवेशन प्रारम्भ भयो, तब देशको आर्थिक मार्गचित्र र आगामी कार्यदिशाका बारेमा जुन स्तरको सघन बहस हुनुपर्ने थियो, त्यहाँ कार्यपालिका प्रमुखको तर्फबाट केवल एक किसिमको मौनता मात्र देखियो । बजेट वक्तव्य आउनुअघि सरकारको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा सांसदहरूले उठाएका गम्भीर प्रश्नहरूको सामना गर्न प्रधानमन्त्री स्वयं उपस्थित हुनुपर्ने संसदीय मर्यादा हो ।

प्रधानमन्त्रीको कुर्सीमा बसिसकेपछि राज्यकै सर्वोच्च विधायिका अर्थात् प्रतिनिधिसभालाई नै उपेक्षा गर्ने उहाँको यो शैलीले जनताको त्यो पवित्र विश्वासलाई बिस्तारै निराशामा परिणत गर्दै लगेको छ । तर, त्यहाँ केवल राजनीतिक दलहरूबिचको तँछाडमछाड र आरोप-प्रत्यारोप मात्र दृश्यमा आयो । बजेट वक्तव्य आइसकेपछि पनि देशको आर्थिक संकट निवारणका उपायबारे प्रतिनिधिसभामा जुन गम्भीर विमर्श हुनुपर्ने थियो, प्रधानमन्त्रीको अस्पष्ट कार्यदिशाका कारण संसद्ले ठोस कार्यसूची नै पाउन सकेन । यदि प्रधानमन्त्री साँच्चै नै देश विकास र प्रशासनिक सुधारका कार्यमा अहोरात्र व्यस्त हुनुभएको कारणले संसद् आउन नसक्नुभएको हो भने, अर्को गम्भीर प्रशासनिक प्रश्न खडा हुन्छ, उहाँले किन मुलुकका झन्डै आधा दर्जन महत्त्वपूर्ण मन्त्रालयहरू आफैंसँग थुपारेर राख्नुभएको छ ?

राज्यका मेरुदण्ड मानिएका मन्त्रालयहरू लामो समयसम्म आफैंसँग राख्दा प्रशासनिक काममा चरम सुस्ती आएको छ । अधिकारको विकेन्द्रीकरण गर्नुको साटो राज्यका शक्तिहरूलाई एकै ठाउँमा केन्द्रीकृत गर्ने र जबाफदेहिताबाट पन्छिने यो प्रवृत्ति कुनै पनि अर्थमा लोकतान्त्रिक हुन सक्दैन । नेपाली जनताले पुराना राजनीतिक दलहरूको अकर्मण्यता र संस्थागत भ्रष्टाचारबाट आजित भएर नै बालेन्द्र शाहमा एउटा वैकल्पिक नेतृत्व र भरोसाको जग देखेका थिए ।

उहाँको काँधमा आम युवा र परिवर्तनका पक्षधर नागरिकहरूको ठुलो अपेक्षा छ । तर, प्रधानमन्त्रीको कुर्सीमा बसिसकेपछि राज्यकै सर्वोच्च विधायिका अर्थात् प्रतिनिधिसभालाई नै उपेक्षा गर्ने उहाँको यो शैलीले जनताको त्यो पवित्र विश्वासलाई बिस्तारै निराशामा परिणत गर्दै लगेको छ । जनताको यो भरोसालाई यसरी दलीय दाउपेच र प्रचारबाजीको ओत लागेर खेर जान दिनु मुलुकका लागि घातक हुनेछ ।

जमिनको स्वामित्व र कूटनीतिक अपरिपक्वता

प्रतिनिधिसभा नीतिगत अन्योल र आन्तरिक विवादको भुमरीमा फसिरहेकै बेला, केही दिनअघि (मे ३१) अचानक प्रधानमन्त्री शाह संसद्को रोस्टममा उभिनुभयो । संसद् र आम नागरिकले अपेक्षा गरेका थिए कि उहाँले मुलुकको सुस्त आर्थिक अवस्था, बेरोजगारी र राष्ट्रिय गौरवका आयोजनाहरूको गतिबारे संसद्लाई आश्वस्त पार्नु हुनेछ । तर, उहाँको सम्बोधन अप्रत्याशित र कूटनीतिक रूपमा अत्यन्तै संवेदनशील दिशातिर मोडियो ।

उहाँले प्रतिनिधिसभाको रोस्टमबाट कुनै प्राविधिक पुष्टिबिना नै दाबी गरिदिनुभयो, 'हामी सधैं अरूले हाम्रो भूमि मिच्यो भन्छौं, तर ऐतिहासिक तथ्य हेर्ने हो भने नेपालले पनि छिमेकी भारतको भूमि मिचेको छ ।'

रित्तिँदै...

विद्यालयको अवस्था पनि उस्तै छ । विद्यालयमा तीन हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । विद्यालय व्यवस्थापनका अनुसार यहाँ अध्ययन गर्ने अधिकांश विद्यार्थी सेवा क्षेत्रबाहिरका छन् । दैलेख, कालीकोट, जुम्ला, मुगु, हुम्लालगायत जिल्लाबाट विद्यार्थी अध्ययनका लागि वीरेन्द्रनगर आउने गरेका छन् शिक्षाविद् हरुका अनुसार ग्रामीण विद्यालयप्रतिको विश्वास कमजोर बन्दै जानु पनि विद्यार्थी पलायनको एउटा कारण हो । अभिभावकमा अंग्रेजी माध्यममा पढाइ हुने विद्यालय नै राम्रो भन्ने धारणा बलियो बन्दै गएको छ । जसका कारण गाउँका सरकारी विद्यालय छाडेर सहर केन्द्रित विद्यालयमा बालबालिका पठाउने प्रवृत्ति बढेको छ । शिक्षाविद् जीतबहादुर शाहका अनुसार बालबालिकाले कम्तीमा आधारभूत तहसम्म आफ्नै गाउँमा अध्ययन गर्ने वातावरण बनाउन आवश्यक छ । उनले समाज, संस्कृति र स्थानीय परिवेशसँग बालबालिकाको सम्बन्ध कायम राख्न पनि स्थानीय विद्यालयको भूमिका महत्त्वपूर्ण हुने बताए ।

नेपाल शिक्षक महासंघ कर्णालीका पदाधिकारीहरु पनि ग्रामीण विद्यालयलाई विश्वासयोग्य र प्रतिस्पर्धी बनाउन राज्यले विशेष नीति ल्याउनुपर्ने बताउँछन् । शिक्षक व्यवस्थापन, पूर्वाधार विकास, गुणस्तरीय शिक्षाको सुनिश्चितता र समुदायको विश्वास पुनःस्थापना नगरेसम्म समस्या समाधान नहुने उनीहरुको निष्कर्ष छ ।

विशेषज्ञहरुका अनुसार अहिले देखिएको अवस्था केवल शिक्षा क्षेत्रको समस्या मात्र होइन, यो बसाइँसराइ, विकासको असन्तुलन र अवसरको केन्द्रीकरणसँग जोडिएको विषय पनि हो ।

गाउँ खाली हुँदै जाँदा विद्यालयहरु रित्तिने क्रम अझ तीव्र हुन सक्छ । त्यसैले ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, रोजगारी र आधारभूत सेवाको पहुँच विस्तार गर्दै स्थानीय विद्यालयलाई आकर्षक बनाउन सके मात्र कर्णालीको शिक्षा क्षेत्रमा देखिएको असन्तुलन कम गर्न सकिने सरोकारवालाहरुको भनाइ छ ।

यु-१९ राष्ट्रिय महिला क्रिकेट

मधेस अविजित, कर्णालीको निरन्तर हार

❐ काँक्रेविहार संवाददाता

वीरेन्द्रनगर, २६ जेठ

वीरेन्द्रनगरमा जारी १९ वर्षमुनीको महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताका पछिल्ला तीन खेलमा लगातार जीत हात पार्दै आएको सुदूरपश्चिमलाई चौथो खेलमा ब्रेक लागेको छ भने मधेसको अविजित यात्रा जारी छ । कर्णालीले भने हालसम्म खेलेका तीन वटै खेलमा निरन्तर हार व्यहोरेको छ । मंगलबार भएका खेलमा गण्डकीसँग ४ विकेटले पराजित भएपछि



सुदूरपश्चिमको विजय यात्रामा ब्रेक लागेको हो । मधेसले भने बागमतीलाई २९ रनले हराउँदै अंक तालिकाको शीर्षस्थानमा उक्लिएको छ ।

कालुङचोक मैदानमा टस जितेर सुदूरलाई ब्याटिङका लागि निम्ता दिएको गण्डकीले १९ दशमलव ५ ओभरमा जम्मा ८७ रनमा सुदूरलाई अलआउट गर्न सफल भयो । सुधारिएको बलिङ गरेको गण्डकीका लागि प्लेयर अफ दि म्याच रचना चौधरीले ४ ओभरमा २ ओभर मेडन राख्दै ६ रन दिएर ५ विकेट हात पारिन । यस्तै आयुष्मा चापागाईको नाममा ४ विकेट रह्यो ।

गण्डकीका लागि रचना चौधरीले २७ रनको योगदान दिंदा ज्योत्सिनाका मरासिनी र सेरिना थापाले समान १७-१७ रन जोडे । अघिल्ला खेलहरुमा आक्रामक खेलेको सुदूरका ब्याटर चौथो खेलमा भने फितलो साबित भए । सुदूरका लागि स्नेहा महरा र करुणा विष्टले समान दश-दश रन जोड्नबाहेक अरु सबै एकल अंकमै सीमित भए । वीरेन्द्रनगर मैदानमा भएको बाँकी पृष्ठ ४

जुम्लामा मार्सीधान रोपाइँ सुरू



❐ काँक्रेविहार संवाददाता
जुम्ला, २६ जेठ

जुम्लामा मार्सीधान रोपाइँ सुरु भएको छ। जेठ महिना लागेसँगै जिल्लाका आठवटै स्थानीय तहका किसान धान रोपाइँमा व्यस्त भएका छन्।

गुठिचौर गाउँपालिकामा जेठको पहिलो सातादेखि रोपाइँ सुरु भए पनि तातोपानी क्षेत्रमा दोस्रो सातादेखि धान रोप्ने काम भइरहेको छ।

विश्वकै अग्लो स्थानमा धान फल्ने क्षेत्रका रूपमा परिचित छुमचौरमा समेत रोपाइँ सुरु भइसकेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा उच्च माग रहेको मार्सीधानको खेती पछिल्ला वर्षहरूमा घट्दै गएको छ।

२०७९ सालको बाढीपहिरोले मार्सी फाँट र सिँचाइ संरचनामा ठूलो क्षति पुऱ्याएपछि उत्पादनमा असर परेको किसानहरूको भनाइ छ।

बाढी प्रभावित खेतको पुनःस्थापना र सिँचाइ कुलो मर्मतमा पर्याप्त ध्यान नदिइएको गुनासो पनि उनीहरूको छ।

स्थानीय किसानका अनुसार चैत १२ गते बीउ भिजाएर सुरु हुने धान खेतीको प्रक्रिया जेठ महिनामा रोपाइँसँगै चरम व्यस्ततामा पुग्छ।

जुम्लामा सिँचाइको उपलब्ध ताअनुसार निश्चित मिति तोकेर सामूहिक रूपमा रोपाइँ गर्ने चलन रहेको छ। यसैबीच तातोपानी गाउँपालिकाले धान खेतीमा प्रयोग हुने ब्युटाक्लोर विषादीको प्रयोग नियन्त्रण गर्न अभियान सञ्चालन गरेको छ।

विषादीको अत्यधिक प्रयोगले माटोको उर्वराशक्ति र प्राज्ञारिक खेती प्रणालीमा असर पुऱ्याउने भन्दै सचेतना कार्यक्रम सञ्चालन गरिएको हो।

जिल्लाभर करिब दुई हजार आठ सय ९० हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ। वार्षिक पाँच हजार नौ सय ८७ मेट्रिकटन धान उत्पादन हुने जुम्लामा औसत उत्पादकत्व २.०७ मेट्रिकटन प्रतिहेक्टर रहेको कृषि तथ्याङ्कले देखाएको छ।

नेपाल-चीन सीमास्तम्भको अनुगमन

❐ काँक्रेविहार संवाददाता
हुम्ला, २६ जेठ

नेपाल-चीन अन्तर-र्राष्ट्रिय सीमाको सुरक्षा, सीमास्तम्भहरूको अवस्था तथा सीमाक्षेत्रको समग्र अवस्थाबारे जानकारी लिन सशस्त्र प्रहरी बलले हुम्लामा नियमित सीमा अनुगमन कार्य सम्पन्न गरेको छ।

सशस्त्र प्रहरी बल सीमा सुरक्षा चौकी (बिओपी) हिल्साबाट खटिएको टोलीले चारदेखि ११ नम्बरसम्मका सीमास्तम्भहरूको स्थलगत निरीक्षण, रेखदेख तथा अभिलेखीकरण गरेको हो।

सशस्त्र प्रहरी निरीक्षक खगेन्द्रबहादुर विकका अनुसार हिल्साबाट पश्चिम-दक्षिण क्षेत्रमा रहेका सीमास्तम्भहरूको अनुगमन गर्न टोलीलाई करिब एक साताको समय लागेको थियो सीमाक्षेत्रको अवस्थाबारे वस्तुगत जानकारी संकलन गर्नुका साथै सीमास्तम्भहरूको भौतिक अवस्थाको मूल्याङ्कन गर्ने उद्देश्यले अनुगमन गरिएको उनले बताए।



सशस्त्र प्रहरी बल नेपाल नम्बर ४४ गुल्म हेडक्वाटर हुम्लाका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक नन्दबहादुर साउदले नेपाल-चीनसँग जोडिएको दुई सय ६२.३ किलोमिटर लामो सीमाक्षेत्रभित्र रहेका १५ वटा सीमास्तम्भको नियमित अनुगमनलाई प्राथमिकतामा राखिएको जानकारी दिए।

सीमास्तम्भहरूको अभिलेखीकरण, वर्तमान अवस्था र सीमासम्बन्धी अन्य प्राविधिक विवरण अद्यावधिक गर्ने उद्देश्यले यस्तो अनुगमन नियमित रूपमा हुँदै आएको उनको भनाइ छ।

सशस्त्र प्रहरी निरीक्षक केदारप्रसाद सापकोटाको नेतृत्वमा खटिएको टोलीले चारदेखि ११ नम्बर सीमास्तम्भसम्मको निरीक्षण पूरा गरेको छ।

अनुगमनका क्रममा सीमास्तम्भहरू सुरक्षित र सन्तोषजनक अवस्थामा रहेको प्रतिवेदनमा उल्लेख गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सीमास्तम्भहरूको अनुगमन कार्य भौगोलिक दृष्टिले निकै चुनौतीपूर्ण रहेको बताइएको छ। पाँच हजार दुई सय ५० मिटर उचाइसम्म रहेका सीमास्तम्भहरू पुग्न सुरक्षाकर्मीले दुर्गम हिमाली भूभागमा लामो पैदल यात्रा गर्नुपरेको थियो।

कतिपय स्थानमा बिहानैदेखि हिँडेर साँझ मात्र चौकीमा फर्किनुपर्ने अवस्था रहेको सशस्त्र प्रहरीले जनाएको छायसअघि गत शनिबार सिमकोटबाट खटिएको अर्को टोलीले नाम्खा गाउँपालिका छ को लाप्चा क्षेत्रमा रहेको १२ नम्बर सीमास्तम्भको समेत निरीक्षण गरेको थियो।

उक्त सीमास्तम्भको अवस्था पनि सन्तोषजनक रहेको निरीक्षण टोलीले जनाएको छ। सशस्त्र प्रहरीका अनुसार नेपाल-चीन सीमाक्षेत्रको सुरक्षा तथा सीमास्तम्भहरूको संरक्षणका लागि वर्षमा कम्तीमा दुई पटक नियमित अनुगमन गरिने गरिएको छ।

आवश्यकता अनुसार थप निरीक्षणसमेत गरिने व्यवस्था रहेको जनाइएको छ। हाल हुम्ला खण्डमा रहेका सीमास्तम्भमध्ये तीन नम्बर सीमास्तम्भको अनुगमन बाँकी रहेको छ।

मौसम अनुकूल भएपछि त्यसको पनि स्थलगत निरीक्षण गरिने सशस्त्र प्रहरीले जनाएको छ। सीमा सुरक्षालाई प्रभावकारी बनाउँदै सीमास्तम्भहरूको अवस्थाबारे अद्यावधिक जानकारी राख्न यस्ता अनुगमनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

फुकोट आयोजनाबारे सर्वोच्चको निर्देशन

❐ काँक्रेविहार संवाददाता
कालीकोट, २६ जेठ

सर्वोच्च अदालतले फुकोट कर्णाली जलविद्युत् आयोजना निर्माण तथा सञ्चालनका क्रममा स्थानीय बासिन्दाको हित, अधिकार र जीवनस्तर सुधारलाई प्राथमिकतामा राख्न सरकारका नाममा छबुँदे निर्देशनात्मक आदेश जारी गरेको छ।

आयोजना सम्बन्धी नेपाल-भारतबीच भएको समझदारी नेपालको हितविपरीत रहेको दाबी गर्दै दायर गरिएको रिट निवेदनमाथि फैसला गर्दै अदालतले यस्तो आदेश दिएको हो।

रास्कोट नगरपालिका आठकी यसुदाकुमारी बराल र वडा नं. पाँचका अजयबहादुर शाहीले दायर गरेको रिटमा उच्च प्रतिफल दिने जलविद्युत् आयोजना स्वदेशी लगानीमै निर्माण गर्न सकिने अवस्थामा भारतीय कम्पनीलाई जिम्मा दिइएको भन्दै समझदारीपत्र खारेज गर्न माग गरिएको थियो।

निवेदकहरूले आयोजना निर्माणका लागि आवश्यक लगानी नेपाली स्रोतबाटै जुटाउन सकिने दाबी गर्दै विदेशी कम्पनीलाई प्राथमिकता दिइएको विषयमा प्रश्न उठाएका थिए।

सर्वोच्च अदालतले निवेदकहरूको समझदारीपत्र खारेज गर्ने माग अस्वीकार गरे पनि आयोजनाबाट प्रभावित समुदायको हित संरक्षण गर्न सरकारलाई आवश्यक कदम चाल्न निर्देशन दिएको छ।

गत वर्ष भदौ १६ गते फैसला भए पनि अदालतको कागजात आगलागीबाट क्षतिग्रस्त भएका कारण पूर्णपाठ सार्वजनिक हुन ढिलाइ भएको बताइएको छ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा २०८० जेठ १७ गते नेपाल सरकारको तर्फबाट विद्युत् उत्पादन



कम्पनी लिमिटेड र भारतको एनएचपिसीबीच फुकोट कर्णाली जलविद्युत् आयोजना निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर भएको थियो।

करिब ९२ अर्ब रुपैयाँ लागत अनुमान गरिएको उक्त आयोजना संयुक्त लगानीमार्फत निर्माण गर्ने सहमति भएको थियो।

समझदारीअनुसार आयोजनाको प्रवर्द्धक कम्पनीमा भारतीय कम्पनी एनएचपिसीको ५१ प्रतिशत र नेपाल सरकारको स्वामित्वमा रहेको विद्युत् उत्पादन कम्पनी लिमिटेडको ४९ प्रतिशत सेयर रहने व्यवस्था छ।

आयोजना सञ्चालनमा आएपछि नेपालले उत्पादन हुने विद्युत्को २१.९ प्रतिशत हिस्सा निःशुल्क प्राप्त गर्ने तथा २५ वर्षपछि आयोजना नेपाललाई हस्तान्तरण गरिने उल्लेख गरिएको छ।

सर्वोच्च अदालतले लगानीको अनुपात र आयोजनाबाट प्राप्त हुने लाभलाई ध्यानमा राख्दै नेपालले निःशुल्क पाउने विद्युत्को मात्रा बढाउने विषयमा समझदारीपत्र संशोधनका लागि पहल गर्न सरकारलाई निर्देशन दिएको छ। साथै संयुक्त कम्पनीको दर्ता, सञ्चालन र नियमनका क्रममा नेपालको कानुनी व्यवस्था पूर्ण रूपमा पालना गरिनुपर्नेमा पनि जोड दिएको छ।

अदालतले आयोजना प्रभावित नागरिकको पुनर्स्थापना, पुनर्वास तथा क्षतिपूर्ति योजनालाई स्पष्ट र प्रभावकारी बनाउनुपर्ने उल्लेख गरेको छ। त्यस्तै जलस्रोत ऐनअनुसार जलस्रोतको बहुउपयोगी लाभ सुनिश्चित हुने दीर्घकालीन योजना तयार गर्न र स्थानीय समुदायलाई त्यसको प्रत्यक्ष लाभ पुग्ने व्यवस्था गर्न पनि निर्देशन दिएको छ।

फैसलामा आयोजनास्थल आसपासका दुर्गम क्षेत्रका बासिन्दाका लागि स्वच्छ खानेपानी, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण तथा आधार भूत सेवामा पहुँच विस्तारका विषयलाई विशेष प्राथमिकतामा राख्न सरकारलाई भनिएको छ।

स्थानीय समुदायको न्यायोचित लाभ, अधिकार संरक्षण र प्रचलित कानुनको पूर्ण कार्यान्वयन सुनिश्चित गर्नुपर्नेमा अदालतले जोड दिएको छ।

नेपालगन्ज नाकाबाट आयात-निर्यात बढ्यो



❐ काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २६ जेठ

पश्चिम नेपालको प्रमुख व्यापारिक नाका नेपालगन्जबाट चालु आर्थिक वर्षको १० महिनामा आयात र निर्यात दुवै वृद्धि भएको छ।

नेपालगन्ज भन्सार कार्यालयका अनुसार गत वर्षको सोही अवधिको तुलनामा आयात करिब ११ प्रतिशत र निर्यात करिब १० प्रतिशतले बढेको हो।

भन्सार प्रमुख जनार्दन पौडेलका अनुसार वैशाख मसान्तसम्म ७० अर्ब २३ करोड रुपैयाँभन्दा बढीको वस्तु आयात भएको छ।

गत वर्ष सोही अवधिमा ६३ अर्ब ३२ करोड रुपैयाँको आयात भएको थियो। यस अवधिमा करिब सात अर्ब रुपैयाँ बराबरको आयात वृद्धि भएको देखिन्छ। त्यस्तै, चालु आर्थिक वर्षको १० महिनामा दुई अर्ब ८२ करोड रुपैयाँभन्दा बढीको वस्तु निर्यात भएको छ।

अघिल्लो वर्षको तुलनामा निर्यात करिब २४ करोड रुपैयाँले बढेको भन्सार कार्यालयले जनाएको छ। नेपालगन्ज नाकाबाट पेट्रोलियम पदार्थ, खाद्यान्न, कपडा, फलफूल तथा मेसिनरी सामग्री मुख्य रूपमा आयात हुने गरेका छन्।

जडीबुटी, खोटो-रोजिन, अदुवा सुठो, टर्पेन्टाइन तेल, सिमेन्ट तथा वनस्पतिजन्य उत्पादन प्रमुख निर्यात वस्तु हुन्। यस अवधिमा १६ अर्ब ७३ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ, जुन गत वर्षको तुलनामा करिब दुई प्रतिशत बढी हो। भन्सार कार्यालयले आयात-निर्यात वृद्धिले व्यापारिक गतिविधिमा सुधार आएको जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

बुधवार, २७ जेठ, २०८३
Wednesday, 10 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

नलगाड जलविद्युत आयोजना अघि बढ्ने



काँक्रेविहार संवाददाता
सुर्खेत, २६ जेठ

संघीय सरकारले कर्णाली प्रदेशमा निर्माणाधीन नलगाड जलविद्युत आयोजनालाई प्राथमिकतामा राख्दै काम तीव्र रूपमा अघि बढाउने घोषणा गरेको छ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्रीले आयोजना कार्यान्वयनलाई सरकारको प्रमुख प्राथमिकतामा राखिएको बताएका छन्।

कर्णालीमा निर्माण हुने चार सय १७ मेगावाट क्षमताको नलगाड जलविद्युत आयोजना अब निर्माण चरणतर्फ अघि बढ्ने तयारीमा रहेको छ।

आयोजनाका अनुसार मुआब्जा वितरण कार्य अन्तिम चरणमा पुगेको छ भने पावर हाउस र ड्याम निर्माणका लागि आवश्यक पाँच हजार एक सय रोपनी जग्गा अधिग्रहण गरिएको छ। त्यसमध्ये हालसम्म चार हजार दुई सय रोपनी जग्गाको मुआब्जा वितरण भइसकेको र बाँकी करिब नौ सय रोपनी जग्गाको मुआब्जा वितरण गर्न बाँकी रहेको जनाइएको छ।

नलगाड जलविद्युत कम्पनी लिमिटेडका कार्यकारी निर्देशक प्रकाशबहादुर शाहीका अनुसार आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) २०८० साउनमा तयार भएको हो।

२०७३ सालमा सुरु गरिएको डीपीआर प्रक्रिया तोकिएको समयभन्दा झण्डै सात वर्ष ढिलो गरी सम्पन्न भएको हो।

प्रारम्भमा ३१ महिनाभित्र सक्ने लक्ष्य भए पनि विभिन्न कारणले ढिलाइ भएको आयोजनाले जनाएको छ। यसैबीच आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) समेत स्वीकृत भइसकेको छ।

विद्युत विकास विभागबाट २०७५ सालमा सर्वे अनुमति प्राप्त गरेको आयोजनाले पाँच वर्षको पूर्वसम्भाव्यता अध्ययन पूरा गरी उत्पादन अनुमति पत्रका लागि प्रक्रिया अघि बढाएको छ।

सरकारले आयोजनालाई समन्वयात्मक रूपमा अघि बढाउँदै निर्माणपूर्वका बाँकी कामहरू छिटो सम्पन्न गर्ने नीति लिएको जनाएको छ।

उत्पादन अनुमति, प्रशासनिक सहजीकरण तथा स्थानीय समन्वयका काममा सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

स्थानीय तह तथा प्रदेश सरकारहरूले समेत ठूला जलविद्युत आयोजनाबाट रोजगारी सिर्जना र आर्थिक विकास सम्भव हुने भन्दै नलगाड आयोजनालाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने धारणा राखेका छन्।

कर्णाली प्रदेश सरकारले आगामी नीति तथा कार्यक्रममार्फत आयोजना कार्यान्वयनलाई थप सहज बनाउने जनाएको छ।

मधेस...

मगलबारको बिहानको खेलमा टस जितेर पहिला बलिङ रोजेको बागमतीविरुद्ध मधेसले निर्धारित ओभरमा ४ विकेटको क्षतिमा १४० रनको स्कोर खडा गऱ्यो।

मधेसकी ओपनर सना परविनले आफ्नो ब्याटिङ लयलाई कायम राख्दै ६० बलमा ११ चौकासहित ६८ रन बनाउँदा भूमि सिंह र एलिशा यादवले २१-२१ रन जोडे।

बलिङतर्फ बागमतीका काबिया रावल, सम्भाव्या ढकाल र कृष्मा गुरुङको नाममा समान एक-एक विकेट रह्यो। जवाफी ब्याटिङमा उत्रिएको बागमतीका लागि सेविकाकुमारी यादवले १८ तथा लक्ष्मीमाया रुम्बा लिम्बूले १४ रन बनाए। बागमतीलाई सस्तैमा रोक्ने क्रममा प्लेयर अफ दि म्याच प्रतिमा साहले ३ विकेट झारिन।

मंगलबारको अर्को खेलमा घरेलु टोली कर्णालीले कोशीसंग २४ रनको पराजयसंग ब्यहोऱ्यो। कर्णालीको यो लगातार तेस्रो हार हो। कर्णालीविरुद्ध टस जितेर पहिला ब्याटिङ गरेको कोशीले ८ विकेटको क्षतिमा १२५ रन बनायो। कोशीका प्रिन्सा रानामगरले ३०, टीका शाहले २७, प्रिया मल्लाहले १२ तथा पूर्णिमा राजबंशीले ११ रन बनाए।

१६ रन अतिरिक्त पाएको कर्णालीका लागि समीक्षा बीसीले २०, शिखा दुवाडीले १५, सोविका शाहीले १४, सोना चन्दले १२, आयिश्मा गिरीले १० रन बनाएपनि अरुको प्रदर्शन साविकभैं कमजोर रह्यो।

कोशीका कृष्टिना धामीले ४, टीका शाहले ३ र बन्धना राजवंशीले २ विकेट लिए। प्रतियोगिताको चौथो दिनको खेलहरु सकिंदासम्म ३ खेलमा तीनवटै जित हात पारेको मधेस शीर्ष स्थानमा उक्लिंदा सुदूरपश्चिम दोश्रोमा झरेको छ।

वन संरक्षण गरौं, वातावरण जोगाऔं

- डिभिजन वन कार्यालय बाबियाचौर, सुर्खेत सम्पूर्ण नागरिकहरूमा वन, जैविक विविधता तथा वातावरण संरक्षणमा सक्रिय सहभागिता जनाउन अनुरोध गर्दछ।
- वन क्षेत्रमा हुने अवैध कटानी, वन पैदावारको चोरी-निकासी, डढेलो तथा वन अतिक्रमणजस्ता गतिविधिले प्राकृतिक स्रोतसाधनमा गम्भीर क्षति पुऱ्याउने भएकाले यस्ता कार्य नगर्न तथा यस्ता गतिविधि देखिएमा नजिकको वन कार्यालय वा सम्बन्धित निकायमा जानकारी गराउन आग्रह गरिन्छ।
- विशेषगरी गर्मीयाममा वन डढेलोको जोखिम बढ्ने भएकाले जंगल क्षेत्रमा आगो बाल्ने, चुरोटका ठुटा तथा आगोका झिल्का फाल्ने कार्य नगर्न अनुरोध छ। वन डढेलो नियन्त्रण तथा वातावरण संरक्षणमा स्थानीय समुदायको भूमिका महत्वपूर्ण रहने भएकाले सबैको सहयोग अपेक्षा गरिएको छ।
- वन क्षेत्रको दिगो व्यवस्थापन, जडीबुटी संरक्षण, वन्यजन्तु संरक्षण तथा हरियाली प्रवर्द्धनमार्फत स्वच्छ वातावरण निर्माणमा योगदान पुऱ्याऔं।

हरियो वन, सुरक्षित भविष्य।

डिभिजन वन कार्यालय भेरी
बाबियाचौर, सुर्खेत

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२७

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री शिवप्रसाद गौतम** धनी रहेको, **दर्ता नम्बर** ४०९८/०७४/०७५ बाट **वीरेन्द्रनगर-१४ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **गौतम कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२७

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री मानकुमारी नेपाली** धनी रहेको, **दर्ता नम्बर** ९२९४/०७८/०७९ बाट **वीरेन्द्रनगर-१२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सुनौलो कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)